# ६ आदम र येशू

***यस अध्यायको मूल बाइबल अध्याय:*** **रोमी ५**

***यस अध्यायको मूल सार पद:*** "१ यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं।" रोमी ५:१-२।

"परमेश्वरप्रति हाम्रो आस्थाले गर्दा उहाँसँग हाम्रो सम्वन्ध ठीक हुनगएको छ। हाम्रो प्रभु येशू ख्रीष्टले गर्दा परमेश्वरसँग हाम्रो शान्ति भएको छ। येशूमाथि विश्वास राखेको कारणले हामीले परमेश्वरबाट अनुग्रह पाएका छौं। त्यहि अनुग्रहमा हामी उभेर बसेका छौं। परमेश्वरको महिमामा हामी पनि सहभागी हुने अपेक्षा गरेकाले हामी हर्षले भरिएकाछौं" (रोमी ५:१,२बाट रूपान्तरित)

येशूमा विश्वास राखेको कारणले मात्र हामी परमेश्वरसँग ठीक हुन्छौं भन्ने कुरालाई पावलले स्पष्ट गरेका छन्। परमेश्वरको सामु ठीक वा निर्दोष भएर हामी उभिन केवल येशूको पवित्र जीवनमात्र पर्याप्त छ। यहि महान् सत्यलाई आधार मानेर पावलले अब यस विषयमा अझ धेरै व्याख्या गर्छन्। हामी विश्वास वा आस्थाले मुक्ति पाउँछौं तर हाम्रो कामले होइन भनेर पावलले देखाउँछन्। कुनै धर्मी मानिस चाहे अब्राहम जस्तो किन नहोस्, उनको धर्मकर्मले उनलाई मुक्ति दिइँदैन। अब पावलले अलिकति पछाडि फर्केर हेर्छन् र यो मुक्तिको योजनाको ठूलो चित्रलाई नियाल्दै प्रश्न सोध्छन्: पाप, दु:खकष्ट र मृत्युको कारण के हो? यस प्रश्नको जवाफ येशूमा छ र सबै मानिस जातिको लागि उहाँले जे गर्नुभयो त्यो नै यथेष्ट छ भनेर पावलले देखाउन चाहेको हामी पाउँछौं।

एउटा मानिस (आदम) पतित भएकोले सबै मानिस न्यायको आसनमा उभिनु परेको छ, परमेश्वरबाट अलगिनु परेको छ र मृत्युको सामना गर्नुपरेको छ। तर एक जना व्यक्ति (येशू)को बिजयले गर्दा सबै मानिसहरूले परमेश्वरमा नयाँ जीवन सुरु गर्ने अवसर पाएका छन्। येशूमा विश्वास राखेको कारणले तिनीहरूको पापको लेखाजोखा मेटिन सक्ने भएका छन्। यदि हामी

येशूमा रहन राजी भयौं भने हाम्रा पापहरूको मूल्य चुक्ता गर्ने प्रावधान उहाँले बनाउनुभएको छ र हामी क्षमा पाएर नयाँ जीवनमा सदाको निम्ति प्रवेश गर्नसक्छौं।

आदम र येशूको बीचमा के भिन्नता छ भनेर पावलले देखाउँछन्। आदमले गरेका गल्तीहरूलाई सच्च्याउन येशू आउनुभएको थियो भनेर पनि पावलले देखाउँछन्। आदमको पापले गर्दा दुःख पाएकाहरूले पनि येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्‍योभने उहाँले तिनीहरूलाई उद्धार गर्नुहुन्छ। सबै प्रश्नहरूको जवाफको जग येशूको क्रुसमा र हाम्रो सट्टामा मर्नुभएको येशूमा भएको हामी पाउँछौं। चाहे यहूदी होस् वा चाहे अन्य-जाति वा गैर-यहूदी होस्, येशूद्वारा मुक्ति पाउन उहाँलाई ग्रहण गर्नेलाई क्रुसमा उहाँले बगाएको रगतले बाटो खोलेको छ। परमेश्वरको अगाडि निर्दोष भएर उभिन येशूको रगतले हामी सबैलाई समेटेको छ। तर हामीले उहाँलाई केवल ग्रहणमात्र गर्नुपर्दछ।

हाम्रो आशाको आधार यहि भएकोले यस विषयमा गहिरिएर पढ्नु अझ आवश्यक भएको महसुस हामी सबैले गर्नुपर्दछ।

## १. बिश्वासद्वारा निर्दोष ठहरिएको

**रोमी ५:१-५मा पावलले व्यक्त गरेका सन्देशलाई तपाईंले आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। यसबाट तपाईंले के पाठ सिक्न सक्नुहुन्छ? यसमा यसरी लेखिएको छः "यसकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामि खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। यति मात्र होइन, तर हाम्रो आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ।"**

कोहि मानिस "धर्मी ठहरिए वा निर्दोष ठहरिए" को अर्थ निर्दोष वा धर्मी भएको उच्चारण गर्नु हो। युनानी अर्थात् ग्रीक भाषामा यो कुनै भविष्यमा गरिने प्रक्रिया नभएर बिगतमा भइसकेको भनी जनाउँछ। हामी पवित्र वा धर्मी छौं भनेर घोषणा गरिसकिएको छ। हाम्रो कुनै काम, धर्मकर्म, अथक प्रयास वा अक्षरस रूपमा व्यवस्था तथा दश आज्ञाहरूलाई पालन गरेर हामी यो स्थितिमा पुगेका होइनौं, तर येशूलाई मुक्तिदाता भनेर ग्रहण गरेको कारणले मात्र हो। यस संसारमा येशूले बिताउनुभएको सिद्ध जीवन र परमेश्वरको आज्ञालाई

सतप्रतिशत शिरोपर गर्नुभएकोले नै हामी निर्दोष ठहरिन गएका हौं। हाम्रा धार्मिकताको श्रेय हामी नभएर प्रभु येशू नै हुनुहुन्छ अर्थात् उहाँको जीवनले हाम्रो पापको मोलको भुक्तान गरिदिनुभएको छ।

यसको मतलब यो पनि हो, हाम्रा सबै पापहरू उहाँमा थुपारिएको छ। मानौं, हामीले होइन, येशूले नै ती सबै पापहरू गर्नुभयो भनेर परमेश्वरले देख्नुभएको जस्तै हो। यसले गर्दा सजायँका भागी भएका हामी, अब मुक्ति पाउन सक्षम् हुन गएकाछौं। हामीले पाउनु पर्ने पापको सजायँ हाम्रो सट्टामा येशूमा थुपारीयो। उहाँको सदाशय तथा अनुग्रहले गर्दा अब हामी कहिल्यै पनि परमेश्वरको अगाडि दोषी ठहरिएर उभिनु नपर्ने भएको छ। पापीहरूको निम्ति यो भन्दा खुशीको शुभ-समाचार अरू के होला?

युनानी शब्दमा पद रोमी ५:३मा उल्लेख गरिएको “महिमा" भन्ने शब्द पद २मा “रमाउँछौं" भन्ने अर्थ लगाइएको छ। पद २को “महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं" र “सङ्कष्टको समयमा पनि हामी रमाउँछौं “भनेर पद ३मा उल्लेख गरिएको “रमाहट" शब्दलाई एकै ठाउँमा राखेर हेर्न सक्यौं भने त्यस शब्दको अर्थ अझ राम्ररी हामी बुझ्न सक्छौं। प्रभु येशूमा आस्था र भरोसा राखेको कारणले क्षमा पाएका वा निर्दोष सावित भएका मानिसहरू जुनसुकै कष्ट वा कठिन समयमा पनि रमाउन सक्छन्। झट्ट हेर्दा हामी अत्यन्त खराब अवस्थामा गुज्रीरहेका देखेतापनि, हाम्रो भलाइकै निम्ति नै कुनै पनि खराब अवस्थालाई परमेश्वरले चालिदिनुहुन्छ हामी भनेर हामी ढुक्क सक्छौं। यसरी प्रभु येशूमा भरोसा राख्ने मानिसहरू अत्यन्त पिडादायी वा महासङ्कष्टमा परेतापनि प्रभुको निम्ति दुःख पाउनु प्रतिष्ठा वा अवसरको रूपमा लिएको तिनीहरूले अनुभव गर्दछन् (हेर्नुहोस् १ पत्रुस ४:१३)।

रोमी ५को ३-५मा हाम्रो जीवनलाई चाहिने गुणहरू प्रगतिशिलरूपमा यसरी उल्लेख गरिएका छन्:

१. धिरज वा सहनशीलताः यो ग्रीक भाषाको hupomone (ह्युपिओन) भन्ने शब्दबाट आएको हो। यसको खास अर्थ चाहिँ “अडिग भएर अघि बढिरहनु" हो। येशूमा विश्वास र आशा राख्ने भक्तहरूले अनुभव गरेका कष्टमा यस्ता खालको धैर्यताको विकास हुन्छ। कठिन समयमा पनि अनेकन् दुःख, परीक्षा र कष्ट सहने येशू भक्तले सहनशीलताको पोषाक धारण गरेका हुन्छन्।

२. व्यक्तिगत अनुभवको आधारमा चरित्र निर्माणः “योग्य ठहरिएर स्वीकार गरिएको" भनेर ग्रीक भाषाको *dokime*means (डोकिमेमिनस्) शब्दबाट

आएको खास अर्थ चाहिँ “चरित्रवान हुनु" वा “असल चरित्रभएकोले मान्यता पाएको" हो। जो मानिस धिरज र सहनशीलतापूर्वक दुःख, कष्टहरू पार गरेर चल्छन् तिनीहरूले परमेश्‌वरले स्वीकार गर्नुभएको चरित्रको विकास गर्न सक्छन् भनेर पावलले भन्न खोजेको हामी पाउँछौं।

३. आशाः चरित्रवान धिरजी मानिस आशामा लम्किरहेका हुन्छन्। येशूमा पाइने आशा र मुक्तिको प्रतिज्ञामा नै उक्त मानिसको जीवन लक्षित भएको हुन्छ। येशूप्रतिको आस्थालाई हामीले पकडि राख्यौं भने हाम्रो सबै आशा उहाँमा नै पल्हाएर गइरहेका हुन्छन्। त्यहि आशाले गर्दा हामी पश्चाताप पनि गर्छौं र उहाँको आज्ञाकारी भक्त पनि हुन्छौं।

**अरू कुनै भन्दा तपाईंको जीवनमा के एउटा आशा छ जसले गर्दा तपाईंको जीवन परिचालन भइरहेको छ? ती आशा येशूमा कसरी पूर्ण हुनसक्छ? वा के पूर्ण हुनसक्छ र? यदि हुँदैन भने, के त्यो आशालाई पकडि राख्नु तपाईंको निम्ति भलो होला र?**

## २ पापी छँदै

**परमेश्वरको चरित्रको बारेमा रोमी ५:६-८मा के भनिएको छ? हाम्रा धेरै आशाहरू ती पदहरूमा कसरी आधारित छन्? हेर्नुहोस्: " ६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"**

जब आदम र हव्वाले परमेश्वरको व्यवस्थालाई लाजमर्दो र कुनै निहुँ नै नभएको पापमा फसे तब तिनीहरूलाई आफ्नो साथमा ल्याउन परमेश्वरले प्रथम् कदम चाल्नुभयो। त्यहि बेलादेखि नै पापीहरूको निम्ति परमेश्वरले मानिसहरूलाई आफूकहाँ फर्काउन सुरूको कदम उहाँले चालिरहनुभएको छ। मुक्तिको बाटोलाई परमेश्वरले सम्भव बनाउनुभयो। अनि उहाँले मानिसहरूलाई चाहे त्यो पुरुष होस् वा महिला त्यो मुक्तिलाई स्वीकार गर्न निम्त्याउनुभयो। “अनि उचित समय वा ठीक समय पूरा भयो तब परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो।" (गलाती ४:४)।

येशूले गर्दा हामी परमेश्वरको क्रोधबाट वच्न सक्छौं भनेर पावलले रोमी ५:९मा उल्लेख गरेका छन्। यो हामीले कसरी बुझ्ने? हेर्नुहोस्:

"यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं।"

इस्रायलीहरुको इतिहासको पाना हामीले पल्टायौं भने तिनीहरू ४०० वर्ष मिश्रदेशमा दासत्व जीवन बिताएको हामी पाउँछौं। त्यस दासत्व जीवनबाट छुटकारा दिन परमेश्वरले मोशालाई प्रयोग गर्नुभएको थियो। फारो राजाको हृदय पगाल्न परमेश्वरले अनेकन् प्रयास गर्नुभएको थियो। र परमेश्वरले अन्तिम अस्त्र सारा इजिप्टका पहिला जन्मेका जीवहरूको नाश गर्ने निधो गर्नुभएको थियो। त्यसमा जनावर मात्र नभएर मानिसहरू पनि परेका थिए। परमेश्वरले मोशालाई भन्नुभयो मृत्युको दूत सारा इजिप्टका घरघरमा जानेछ र त्यस घरमा जन्मेका प्रथम व्यक्तिको जीवनको सास वन्द गरिदिनेछन्। यसबाट वच्न पाठोको रगत बेलुका नै घरको ढोकाको चौकोसमा लेप्नु भनेर इस्रायलीहरूलाई परमेश्वरले मोशाबाट निर्देशन दिनुभएको थियो। त्यसकारण त्यो रात जब मृत्युका दूत त्यस मिश्रदेशमा घुमे कुनै पनि घरमा तिनी पसेनन् जसको घरको ढोकामा रगतले लिपेको थियो। त्यस पाठोको रगतले इस्रायलीहरू मानौं चोखो भएर सुरक्षित भएका थिए। तर मिश्रदेशका बासिन्दाका जेष्ठ बालबालिकाहरूले मृत्युको दूतलाई अँगाल्नुपरेको थियो, किनभने ती मिश्री देशका बासिन्दाहरूको घरको ढोकामा रगतले लिपेको थिएन। यहि तरिकाले जो कोहि येशूको रगतमा विश्वास राख्दछ त्यसलाई परमेश्वरले पापबाट सुरक्षित राख्नुहुन्छ किनभने त्यो व्यक्ति निर्दोष भएर परमेश्वरको अगाडि खडा भएको हुन्छ। अनि त्यो समय आउने छ जब संसारको इतिहासको अन्तमा पापले भरेको यस संसारलाई परमेश्वरको क्रोधले नाश गर्नुहुनेछ त्यसबखत येशूलाई विश्वासद्वारा पकडि राख्ने सबै सुरक्षित हुनेछन्।

सदाशयी, प्रेमिलो परमेश्वर क्रुद्ध कसरी हुन्छन् भन्ने धारणालाई कतिपयलाई बुझ्न कठिन भएको हामी महसुस गर्दछौं। उहाँकै प्रेमले गर्दा उहाँ रिसाउनुहुन्छ भन्ने कुरालाई कतिजनालाई अचम्म लाग्ला। याद गर्नुहोस्, जुन परमेश्वरले यस संसारलाई प्रेम गर्नुभयो त्यस संसार पापले भरिँदा के उहाँ रिसाउनुहुन्न र? यदि परमेश्वरले हामीप्रति सरोकार राख्नुभएन भने यस संसारमा के भइरहेको छ त्यसप्रति पनि वास्ता गर्नुहुने थिएन होला। पापले गर्दा उहाँको सृष्टि कसरी तहसनहस भइरहेको छ, सो सोच्नुहोस्। पापले गर्दा भयङ्कर परिणाम भोगिरहेका यस संसारमा पापप्रति परमेश्वर क्रुद्ध हुनु के अनौठो मान्ने कुरो हो र?

हामी खुशी हुनुपर्ने कारणहरू छन् रे ! रोमी ५:१०,११मा आनन्द हुनुपर्ने कारणहरू के हुन् भनेर पावलले बताएका छन्? यसमा यसरी लेखिएको छः **पद १० "किनकि हामी परमेश्वरको शत्रु छँदै अर्थात् उहाँको विरुद्धमा जादाजादै पनि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन बढि उहाँसँगै मिलाप भएको हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं।" पद ११ "यति मात्र होइन, तर यदि हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदे पनि जानेछौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ (अर्थात् मिल्ने अवसर पाएका छौं)।"**

यस संसारमा येशूको अनुकरणीय आदर्शको जीवनलाई माथिका पद १०ले औंल्याएको भनेर कतिपय बुद्धिजीविहरूले दावी गर्दछन्। यस संसारमा रहदा उहाँले सिद्ध चरित्रमा रहनुभयो जसले गर्दा हाम्रो पापको सट्टामा येशू मर्न योग्य हुनुभयो, अनि हाम्रो पापको मोल चुक्ता गर्नुभयो। मुक्तिको त्यो उपाय हामीलाई अहिले उपलव्ध गराउनुभएको छ भनेर बाइबलका चिन्तकहरूले सहमत जनाउँछन्। तर येशूको जीवनमात्र होइन, उहाँको मृत्यु, पुनरुत्थान र सदासर्वदा जीवित हुनुभएकोले पनि हामी मुक्ति पाउँछौं भनेर पावल दावी गर्दछन् (हिब्रू ७:२५)। उहाँ जीवित हुनुभएकोले हामीले उद्धार पाएका छौं। यदि येशू चिहानमै गाडिएर बस्नुभएको भए हाम्रो आशा पनि उहाँसँगै मर्ने थियो। अनि पद ११मा चाहिँ येशूमा खुशी, आनन्द हुनुपर्ने कारणहरू बताइएको पाउँछौं। येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसले गर्दा हामी रमाउने प्रसस्त ठाउँहरू भएको छन् भनेर पावलले जिकिर गर्छन्।

## ३. पापद्वारा मृत्यु

मृत्यु हाम्रो परम शत्रु हो। जब परमेश्वरले मानिसहरूलाई सृष्टि गर्नुभयो, तब उहाँको योजना थियो कि तिनीहरू सदासर्वदा जीवितै रहुन्। साधारणतया कोहि पनि मानिसहरू मर्न चाहदैन्। कोहि मर्न चाहन्छन् भने केवल केहि ती व्यक्तिहरू हुन् जसले पिडा सहनसकदैनन्। किनभने कष्टकर जीवन बिताउनुभन्दा मर्नु नै जाती छ भनेर तिनीहरूको धारणा हुन्छ। हाम्रो मौलिक स्वभावको बिरूद्ध मृत्यु चलिरहेको हुन्छ। हामीलाई बाचीरहने चाहना परमेश्वरले सुरुदेखि नै हाम्रो चेतनामा राखिदिनुभएकोले हामी कोहि पनि मर्न चाहन्नौं। जब आदम र हवालाई परमेश्वरले सृष्टि गर्नु भयो, मृत्यु भन्ने तत्व तिनीहरूले चिन्ने आवश्यकता उहाँले गर्नुभएको थिएन न त त्यसको अस्तित्व नै थियो। यसरी नै हाम्रो लागि पनि मृत्यु बिरानो नै हुनुपर्ने थियो।

**पावलले रोमी ५:१२मा भनेका छन्: "एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसहरूले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" यस पदले के विषय हामीलाई स्पष्ट पारिएको छ?**

बाइबलमा भएका हजारौं पदहरूमध्ये बाइबलका विद्वानहरूले यस विषयमाभन्दा तर्कवितर्क अरूमा गरेको पाउँदैनौं। *सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरीले* ती बाइबलका बुद्धिजीविहरूको बारेमा एउटा धारणा यसरी प्रस्तुत गर्दछः "ती बाइबलका बुद्धिजीविहरूले पावलले भन्न चाहेको भन्दा फरक उदेश्यहरू लिएर व्याख्या गर्न चाहेकोले तिनीहरू अलमलिएका हुन्"- ठेली ६, पृ. ५२९बाट रूपान्तरित।

तिनीहरूले एउटा बुँदामा तर्कवितर्क गर्दछन्: आदमका पाप पछिका पिँढीहरूमा कसरी सरे त? के आदमका पछिका सन्तानले उनको दोषमा सहभागी हुन पुगे त? वंशअनुसार सरेको रोग झैं के उनको पाप पनि त्यसरी नै सरेको हो त? वा तिनीहरू आफ्ना पापको कारण परमेश्वरको सामु दोषी ठहरिए? पावलले भनेका माथिको पदलाई उल्लेख गरेर कतिपय मानिसहरूले उपर्युक्त जिज्ञासाका जवाफहरू पाउन मगज खियाएको हामी पाउँछौं। तर त्यस पदमा नियाल्यौं भने त्यस पदले ती जीज्ञासाहरूको जवाफ दिन खोजेको पाउँदैनौं, न त त्यस बिषयमा छलफल गर्न नै खोजेको पाउँछौं। पावलले भन्न चाहेको मामिला अर्कै थियो। उनले पहिला भनेकै कुरालाई केन्द्रित गर्दै फेरि भन्दछन्: "सबै मानिसले पाप गरेका छन्" (रोमी ३:२)। हामी सबै जना पापी छौं भन्ने कुरालाई जान्नुपर्दछ। यसलाई स्वीकार्न सक्यौं भनेमात्र हाम्रो निम्ति मुक्तिदाताको आवश्यकता भएको महसुस गर्नसक्छौं। आदमले गर्दा पाप यस संसारमा कसरी आयो र त्यो कत्तिको खराब छ भनेर मानिसहरूले जानुन भनेर आफ्ना पाठकहरूलाई पावलले बुझाउन खोजेका थिए। अनि आदमको पापले गर्दा ल्याएको दुःखद परिणामको समाधान परमेश्वरले येशूद्वारा मात्र गर्नुभएको छ भनेर पावलले माथिको पदद्वारा देखाउन खोजेको पाइन्छ।

तर फेरि यस पदले केवल समस्याको बारेमामात्र बोल्दछ। आदमको पापले गर्दा हामी मृत्युको पासोमा परेकाछौं। त्यसको समाधान आदमले गर्दा मर्नुमा नभएर येशूको जीवनमा छ। मृत्यु जीवनले निलिसक्यो भन्ने सन्देश गरिमामय सुसमाचारको प्रमुख सन्देश हो। प्रभु येशू, चिहानभित्र राखिँदा मृत्युको पासोमा पर्नुभएको थियो तर त्यस पासोलाई तोडेर उहाँ फुत्कनुभयो। उहाँले भन्नुहुन्छः "म जीवित छु। म मरेको थिएँ। हेर ! अब म सदाको निम्ति जीवित छु। आमेन। अनि मसँग मृत्यु र नरकको साँचो छ।"(प्रकाश

१:१८बाट रूपान्तरित)। येशूसँग साँचो भएकोले अब त्यस शत्रु मृत्युले चिहानमा बसेका उसका सिकारीहरूलाई सधैं तालाबन्दीमा राख्न सक्दैन।

**मृत्युको दुःखद अनुभव र यसको यथार्थतालाई तपाईंले आफ्नो जीवनमा कसरी लिनुभएको छ? यहि मृत्युको मुखमा हामी पछौं भनेर थाहा पाउँदा पाउँदै हामीमा भएको भन्दा महान् आशामा के छ जसले हामी बाँच्नुमा अर्थ दिन्छ? वा यस संसारले प्रदान गर्ने भन्दा कुन महान आशाको लागि हामी जीइरहेकाछौं?**

## ४. आदमदेखि मोशासम्म

**व्यवस्थाको बारेमा पावलले रोमी ५:१३,१४मा के सिकाइरहेकाछन्? हेर्नुहोस्ः "व्यवस्था दिनु अघि पनि संसारमा पापै थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। आदमदेखि लिएर मोशासम्मको मानिसहरूमाथि पनि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए।"**

पावलले यहाँ केको बारेमा चर्चा गरिरहेकाछन्? "व्यवस्था दिनु अघि" भन्ने शब्दहरू "आदमदेखि मोशासम्म"सँग मिलेको देखाउँछ। औपचारिकरूपमा व्यवस्था र धार्मिक रितिथितिको प्रणाली इस्रायलीहरूलाई दिनुभन्दा अघिदेखि नै सृष्टिदेखिको समयको अवस्थाको बारेमा पावलले चर्चा गर्दछन्। ती व्यवस्थाहरूमा दश आज्ञाहरू पनि समावेश भएका थिए।

"व्यवस्था दिनु अघि"को अर्थ इस्रायलीहरूलाई सिनैको पहाडमा विवरणसहित दिइएको व्यवस्था तथा धार्मिक विधिविधान भन्दा अलग्गै केही थियो भन्ने जनाउँदछ। यो किन हुनसक्दैन र? के सिनैको पहाडमा दश आज्ञालाई लिखित रूपमा पेश गर्नु अघि झुटो बोल्नु, हत्या गर्नु, परस्त्रीगमन गर्नु र मूर्तिपूजा गर्नु परमेश्वरको अगाडि जायजै थियो त? उहाँले ती कर्महरूलाई पाप ठान्नुभएन र? अर्थात् सिनैको पहाडमा मोशाद्वारा दिइएको व्यवस्थाभन्दा अघि पापले मानिसहरूलाई पिरोलिरहेको थियो।

सिनैको अनुभव भन्दा पहिला मानिसहरूमा परमेश्वरको बारेमा केवल सिमित ज्ञानमात्र थियो भन्ने कुरा सत्य मान्नुपर्छ। यद्यपि, दुष्कर्म भनेको के हो ती कुरा सबैलाई स्पष्ट रूपमा थाहा थियो र आफूले गरेको अपराधको सजायँ आफैले पाइन्छ भन्ने ज्ञान पनि थियो। परमेश्वर न्यायी हुनुहुन्छ र अनुचित तरिकाले कसैलाई पनि उहाँले सजायँ दिनुहुन्न। पावलले भन्छन् कि सिनैको समयभन्दा पहिले मानिसहरू मरेका थिए। मृत्यु सबै मानिसमा फैलिइएको थियो। हो त्यस समयका मानिसहरूले लिखित रूपमा प्रस्तुत गरिएको दश आज्ञाहरूको खिलाफमा पाप गरेका थिएनन् होला, किनभने परमेश्वरले नै

लिखितरूपमा ती आज्ञाहरू दिनुभएको थिएन। तैपनि तिनीहरूले पाप त गरे नि ? प्रकृतिबाट त्यसबेलाका मानिसहरूलाई परमेश्वरको अस्तित्वको ज्ञान थियो र त्यस प्रकृतिको नियम अनुसार नचले के हुन्छ भन्ने उदाहरणहरू परमेश्वरले दिनुभएको थियो। यसबाट नै सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनेर तिनीहरूलाई थाहा थियो। तर प्रकृतिबाट पाएको उदाहरणहरूबाट पाठ सिक्नुको सट्टा तिनीहरूले आफ्नो चेतनालाई अन्धकारमै राख्न मनपराए। यो नै तिनीहरूको निम्ति पाप भएको थियो। प्राकृतिक श्रोतबाट दिइएको परमेश्वरको ज्ञानलाई गैर-जिम्मेवारीपूर्वक वेवास्ता गरिँदा तिनीहरू परमेश्वरको सामु दोषी ठहरिए। "अदृष्य परमेश्वरका गुणहरू उहाँले सृष्टि गर्नुभएको संसारमा देखिने स्पष्ट रूपमा देखाइएको छ।...त्यसकारण मानिसहरूले आफूले गरेको नराम्रो कुराहरूलाई छल्ने कुनै बहाना छैन।" (रोमी १:२०बाट रूपान्तरित)।

**परमेश्वरले उहाँका दश आज्ञाबाट आफ्नो चरित्र पूर्ण रूपमा कसरी झल्काउनुभएको छ? हेर्नुहोस्: रोमी ५:२०,२१ "२० व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढ़ी मात्रामा बढ्यो, २१ यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गऱ्यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्।"**

विभिन्न शिक्षादीक्षा, विधिविधान र व्यवस्थाहरू परमेश्वरले मोशाद्वारा सिनैको पहाडमा दिनुएको थियो। त्यसमा दश आज्ञा वा नैतिक व्यवस्था पनि समावेश भएको थियो। इस्रायलीहरू इजिप्टबाट निस्केर सिनैको मरुभूमीमा शिविर खडा गरेर बसेको बेलामा परमेश्वरले दिनुभएको यो दश आज्ञा वा दश सुत्र कुनै नौलो थिएन। ती दश आज्ञाहरू पहिला पनि थिए। तर प्रथम् पटक परमेश्वरले यो आज्ञालाई आफ्नै हातले लेखेर यसलाई पालन गर्नु भनेर सबै मानिसहरूले थाहा पाउन् भनेर घोषणा गर्नु भएको थियो।

जब इस्राएलीहरूले परमेश्वरले अपेक्षा गर्नुभएको विधिमा चल्न सक्छौं कि सक्दैनौं भनेर आफूहरूलाई तुलना गरे तब तिनीहरू त्यसलाई पालन गर्नुबाट अत्यन्त कमजोर भेट्टाए। परमेश्वरले निर्देशन गर्नुभएको दश आज्ञालाई पालन गर्नु त्यत्तिको सजिलो नभएको तिनीहरूले अनुभव गरे। अर्थात्, प्रसस्त पापहरूले मानिसका हृदयहरूमा ठाउँ जमाइसकेको थियो। परमेश्वरको यो दश आज्ञा पाएपछि तिनीहरूले गरेको पाप कस्तो भयङ्कर रहेछ भनेर बुझे। दश आज्ञाको उद्देश्य नै मानिसहरूलाई मुक्तिदाताको आवश्यकता छ भनेर बुझाउनु र परमेश्वरको अनुग्रहलाई स्वीकार गर्न मद्दत गराउनु थियो। पुरानो करारमा पनि मानिस विश्वासद्वारा जीइएको थियो। विधिविधान

पालन गर्दैमा धर्मी ठहरिने होइन भनेर हामीले अघि नै हेऱ्यौं। अक्षरस रूपमा संस्कार तथा रितिरिवाजलाई पालन गरेर होइन तर आस्था तथा विश्वासद्वारा परमेश्वरको सामु निर्दोष भएको देखाउने पुरानो करारको सही उद्देश्य थियो।

**तपाईं रहनुभएको देशको विधिविधानले मानिसहरू ठीकसँग चलेको छ वा छैन भन्ने धारणालाई प्रकट गरेको छ भनेर तपाईंले कसरी थाहा पाउनुभएको छ? यदि मानिसले बनाएका नियमकानूनले मानिस ठीक वा बेठीकमा हिँडेको छ कि छैन भनेर देखाउँछ भने परमेश्वरको अनन्तको विधि त झन कस्तो होला?**

## ५. येशू, दोस्रो आदम

**आदम र येशूको बिचमा भिन्नता छ भनेर रोमी ५:१८,१९ले देखाएको छ। यी पदहरूमा येशूप्रतिको कस्तो आशा हामीलाई देखाइएको छ? हेर्नुहोस्: "१८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्।"**

हामी मानिस भएको हुनाले आदमबाट अरू कुनै चिज होइन बरू मृत्युको फैसलामात्र हामीले पाएकाछौं। तर जहाँ आदम पतन भयो त्यहाँ येशूले हस्तक्षेप गर्नुभयो। हाम्रो निम्ति येशूले प्रत्येक मानव आपदविपद वा परीक्षाको सामना गर्नुभयो। हाम्रो जीवनको सुरुदेखि अन्तसम्म पाउने सबै दुःख, कष्ट र परीक्षाहरूमा उहाँ पर्नु भएको थियो। ती पतित मानवीय स्थितिहरूलाई उहाँले जीत्नुभएको थियो। आदमको बेइज्जतपूर्ण, असफल र पतित अवस्थालाई येशूले आफ्नो रगतबाट बगाएर हामीलाई परमेश्वरको सामु खडा गर्नुभयो। हाम्रो सट्टामा येशू खडा हुनुभएकोले हामीलाई परमेश्वरसँग उच्च तहमा उहाँले उचाल्नुभयो। यस हिसावले, येशू हाम्रो निम्ति “दोश्रो आदम" हुनुभएको थियो।

“दोश्रो आदम येशूलाई पनि आत्मनिर्णयको अधिकार दिइएको थियो। उहाँलाई पनि कुन बाटो रोज्ने सो बाटो चुन्न स्वतन्त्रता दिइएको थियो। आफ्ना क्रियाकलापबाट जिम्मेवारी वहन गर्ने अभिभारा उहाँलाई पनि सुम्पिएको थियो। प्रथम आदमभन्दा दोस्रो आदम येशूलाई अत्यन्त कठिन र मानिसहरूलाई भड्काउने वातावरणले घेरेको थियो। रोमी शासनको मुनी अनेकौं खराब आचरणहरूको प्रभावमा उहाँ पर्नुभएको थियो। आदम भन्दा पनि येशूलाई चोखो जीवन बिताउन कठिन थियो। तर पापीहरूकै बीचमा रहेर पनि

उहाँले पापको प्रत्येक परीक्षामा पर्न अस्वीकार गर्नुभयो, र उहाँले अन्तसम्म पापको छक्कापञ्जामा नपरी निर्दोष तथा स्वच्छ जीवन बिताउनुभयो। उहाँ सधैं पापरहित हुनुभएको थियो।"-एलेन जी ह्वाईट, *द एसडिए बाइबल कमेन्टरी,* ठेलि ६, पृ. १०७४बाट रूपान्तरित।

**आदमको काम भन्दा येशूको कामहरू भिन्न थिए भनेर रोमी ५:१५-१९ पदहरूमा कसरी देखाउँछन्? हेर्नुहोस्: "१५ सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो। १६ सित्तैंको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन। किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैंको वरदानले निर्दोषीकरण ल्याउँछ। १७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। १८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्।"**

यहाँ देखाइएका आदम र येशूको बीचमा बाझिने कुराहरू हेर्नुहोस्: मृत्यु र जीवन, अनाज्ञाकारिता र आज्ञाकारिता, दोषी हुनु र मुक्ति पाउनु, पापी र धर्मी जीवन बिताउनु आदि। येशू आउनुभएर आदमको कारणले भोग्नुपरेको दुखद परिणामलाई येशूले निराकरण गर्नभयो अर्थात् सच्याउनुभयो।

रोमी ५ अध्यायको १५-१७ पदसम्म बरदान वा उपहार भन्ने शब्द पाँच पटक उल्लेख गरिएको कुरालाई पनि रोचक मान्नुपर्दछ। पाँच पटक ! पावलले भन्न खोजेका कुरा स्पष्ट र सरल छः परमेश्वरको सामु निर्दोष अर्थात् धर्मी ठहरिन हामीहरूको अथक प्रयास त्याग वा तपस्याबाट आर्जन गर्ने कुरा होइन रे ! तर यो परमेश्वरको बरदान वा हामी मानव जातको निम्ति उपहार हो रे ! फेरि हामी धर्मात्मा, सक्षम् वा योग्य भएकोले हामी निर्दोष ठहरिएको होइन रे ! तर अरू कुनै उपहार वा बरदान जस्तै त्यो उपहार पाउन हामीले हाम्रो हात पसार्नुपर्दछ र त्यसलाई स्वीकार गर्नुपर्दछ। र अनि, यस उपहारलाई हामीले विश्वासद्वारा दावी गर्नुपर्दछ।

**तपाईंको जीवनमा सबभन्दा उत्तम उपहार के पाउनुभएको छ? के ले गर्दा यो असल तथा विशेष भएको छ? तपाईंले आर्जन नगरि पाउनुभएको उपहार पाउनुभएकोले तपाईं कसरी कृतज्ञ हुनुभयो? अनि त्यो उपहार, येशूले हामीलाई दिनुभएको उपहारसँग के तपाईं तुलना गर्न सक्नुहुन्छ?**

**उपसंहारः**

एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्ः- *मिनिस्ट्री अभ हिलिङ्ग*को पृ. ४७०-४७२मा उल्लेखित शीर्षक “हेल्प इन डेली लिभिङ्ग", *सेलेक्टड मेसेज*को पृ. ३८३, ३८४मा उल्लेखित, “क्राइष्ट द सेन्टर अभ द मेसेज," *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६०-६२को “द टेम्टेशन एण्ड फल" र *एसडिए बाइबल कमेन्टरी*को पृ. ७१२-७१४को “जस्टिफिकेशन"।

“ धेरै मानिसहरू आफ्ना हृदयको भावनाहरूबाट धोखामा परेका छन्। मानिसको मन स्वाभाविक रूपमा अरू सबैभन्दा धोकेवाज छ र धेरै दुष्ट छ भन्ने कुरालाई तिनीहरूले महसुस गर्दैनन् (यर्मिया १७:९)। आफ्नै असल वा धर्मात्मा काम गरेको छु भनेर तिनीहरू लपेटिएका हुन्छन् र आफू मानव चरित्रको आदर्शमा हिँडेको छु भनेर सन्तुष्ट भएर बस्दछन्।"-एलेन जी ह्वाइट, *सेलेक्टड मेसेजक*, बुक १, पृ.३२०बाट रूपान्तरित।

“येशूमात्र आशा र मुक्तिको बाटो हुनुहुन्छ भन्ने सुसमाचार सुनाउनु अत्यन्त आवश्यक छ।... जब विश्वासद्वारा मानिसलाई निर्दोष बनाउँछ भन्ने शिक्षा आयो तब त्यो शिक्षा तिर्खालागेको यात्रुले पाएको पानी जस्तै धेरै मानिसहरूले महसुस गरेका थिए। हामीलाई प्रदान गरिएको येशूको पवित्र जीवन हामी सक्षम् वा योग्य भएकोले पाएका होइनौं। बरू यो परमेश्वरले दिनुभएको सित्तैंको बरदान हो। यो अत्यन्त मूल्यवान सोच हो।"*एलेन जी ह्वाइट, *सेलेक्टड मेसेज,* बुक १को पृ. ३६०बाट रूपान्तरित।

"आउनेवाला प्रतिरूप (रोमी ५:१४) को थिए त? आदम येशूको प्रतिरूप कसरी हुनसक्छ? सारा मानव बंशको निम्ति आदम मृत्युको कारण हुन आएको थियो। ती सबैले निषेध गरिएको फल खाएका थिएनन्। त्यही रूपमा, मानिसहरूले धर्मी चरित्रलाई धर्मकर्म गरेर नकमाएतापनि ख्रीष्टले तिनीहरूलाई धर्मी चरित्र प्रदान गर्नु भयो। क्रुसको माध्यमद्वारा सबै मानिसहरूलाई उहाँले धर्मपरायण हुने चरित्रलाई उपलब्ध गराउनु भयो। परमेश्वरको आज्ञा उल्लङ्घन गरेको आदमको रूपमा हामी छौं। उनले पाप गरेको जस्तै गरेर हामी पनि पाप गर्दछौं। ख्रीष्टको रूप हामीमा छ। हामीहरूले सबै धर्मी

क्रियाकलापहरू पूरा गरेर जिएका जस्तो हुन्छौं जसरी येशूले पूरा गर्नुभयो।"-मार्टिन लुथर, *कमेन्टरी अन रोमनस्,* पृ. ९६,९७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

१. एलेन जी ह्वाइटको देहायको भनाईलाई हामीले कसरी बुझ्ने? "परमेश्वरको वचन अत्यन्त गहिरिएर पढ्न अत्यन्त आवश्यक छ। विशेष गरेर दानिएल र प्रकाशको पुस्तकहरूमा हामीहरूको ध्यान जानु अत्यन्त जरूरी छ जुन हामीहरूको कामको इतिहासमा पहिले कहिल्यै भएको थिएन। कुनै कुराहरूको बारेमा हामीले कमै चर्चा गर्छौं होला, तर पाश्चात्य देश रोमको शक्ति र रोमन क्याथोलिक धर्मगुरू पोपको बारेमा चर्चा गर्दा हामीहरूको ध्यान अगमवक्ता र प्रेरितहरूले परमेश्वरको पवित्र आत्माको प्रेरणाबाट जे लेखिएका थिए सो अध्ययन गर्नु जरुरी छ।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. ५७७बाट रूपान्तरित।

२. मृत्युको वास्तविकताको बारेमा सोच्नुहोस्। जीवन र जीवनको सार्थकतालाई यसले कस्तो प्रभाव पार्दछ? हाम्रो जीवन अनर्थको छ किनभने यो केवल मृत्युमा अन्त हुन्छ भनेर बिलाप गर्दै कतिपय दार्शनिक र लेखकहरूले त्यस्तो भावना हाम्रो समक्ष ल्याएको पाउँछौं। हामी येशूभक्तभएको हैसियतले यस्ता धारणहरूलाई कसरी सामना गर्ने? समस्याबाट आउने सारा प्रश्नका जवाफहरू केवल येशूमा आशा राखेमा मात्र पाइन्छ भन्ने कुरालाई तपाईंले कसरी आत्मसात् गर्नुहुन्छ?

३. आदमको पतन हुँदा उनको पतित स्वभाव हामी सबैमा लादिएको छ। त्यसरी नै येशूको बिजयी जीवनले विश्वासद्वारा ग्रहण गर्ने सबैलाई अनन्त जीवन प्रदान गरिएको छ। यस मामिलामा कसैलाई पक्षपात गरिएको छैन। यस अचम्मको बरदानलाई मानिसहरूले उत्साहपूर्वक किन अंगाल्न चाहँदैनन्? येशूले जे दिनुहुन्छ र मानिसहरूको निम्ति उहाँले जे गर्नुभएको छ त्यो अरूलाई बुझाउन हाम्रो सक्रिय भूमिका कस्तो हुनुपर्दछ?

कथा ६

# शनिवार क्लास हुँदैन

## निकीता किरकाचेभ, २२ (रोस्टोभ-अन-डन, रूस)

मेरी आमा सेभेन्थ-डे एडभेन्टिस्ट थिइन्। म सानै हुँदा मलाई उहाँले परमेश्वरको बारेमा सिकाउनुभएको थियो। तर मेरो बुबाले मलाई चर्च जान रोक्नुभएको थियो। म १८वर्षकी भएपछि मैले जे गर्न मनलाग्छ त्यही गर्न सक्छु तर त्यो वर्ष नपुगुञ्जेल उहाँले मलाई भन्नुभयो मैले उहाँकै हुकुममा चल्नुपर्छ।

जब म १८ वर्षकी भएँ तब म घरबाट टाडा भएँ किनकि दक्षिण रूसको रोस्टोभ-अन-डन भन्ने शहरमा रहेको विश्वविद्यालयमा भवन निर्माण सम्बन्धी विषय पढ्न भर्ना भएकी थिएँ। जब म त्यस सहरमा गएँ तब मैले सुटकेसहरू थन्क्याएपछि पहिलो कुरो मैले गरें। त्यस सहरमा रहेको नजिकको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गएँ। मैले राम्रोसँग बाइबल अध्ययन गर्न थालें र साबथलाई पालन गर्न थालें।

### साबथको मामिला

तब तुरन्तै विश्वविद्यालयमा मैले एउटा समस्याको सामना गर्नुपर्‍यो। साबथ दिनमा म क्लासमा नगएकोले मेरा शिक्षकहरूले मलाई पत्रहरू पठाउन थाल्नुभयो। धेरै शनिबार क्लासमा नगएकोले मैले धेरै पत्रहरू पाएँ। यदि कुनै विद्यार्थीले शिक्षकहरूबाट क्लासमा नआएको सूचना दिएको धेरै पत्र पाउँछ भने त्यो विद्यार्थी विश्वविद्यालयबाट निकालिन्थ्यो।

जब शनिवार क्लासको सट्टा चर्चमा गएको मेरो बुबाले थाहा पाउनुभयो तब उहाँ रिसले चुर्ण हुनुभयो। फोनबाट उहाँले मलाई बेस्सरी गाली गर्नुभयो। मलाई धार्मिक दलमा लागेको भनेर दोष लगाउनुभयो। मेरो बुबालाई म माया गर्थें तर उहाँलाई भन्दा परमेश्वरलाई धेरै मायाँ गर्थें र परमेश्वरको कुरा मान्न म चाहन्थें।

मेरो जीवनमा मैले परमेश्वरलाई प्राथमिकता दिएकोले मेरी आमा खुशी थिइन्। उहाँले यशैया ४१:१० मलाई पढेर सुनाउनभयो। त्यसमा लेखिएको थियो, "नडराऊ। म तिमीसँग छु। हताशनिराश नहोऊ, म तिम्रो परमेश्वर हुँ। म तिमीलाई बलियो बनाउनेछ। म तिमीलाई सहायता गर्नेछु।

मेरो धार्मिकताको दायाँहातले म तिमीलाई थाम्नेछु" (रूपान्तरित)। मेरी आमाले मेरो निम्ति प्रार्थन गर्नुभयो र मैले पनि प्रार्थना गरें।

मैले विश्वविद्यालयको प्रमुखलाई शनिवार क्लासमा नआउन अनुमति दिनुहोस् भनि अनुरोध गरें। मेरो लागि विशेष नियमा बनाउन आफू असमर्थभएको उनले व्यक्त गरें। यदि उहाँले त्यसो गर्नुभयो भने अरू विद्यार्थीहरूले उहाँलाई पक्षपात गरेको भनेर दोष लगाउनेछन् भनेर उहाँले भन्नुभयो।

अरू केही उपाय नभएकोले मैले क्लासको शिक्षकहरूसँग मैले गुमाएको कक्षाको निम्ति अरू कुनै दिन कक्षा लिन अनुरोध गरें। दुई वर्षसम्म यो चलिरह्यो। धेरै परीक्षाहरू शनिबार हुन्थ्यो र अरू कुनै दिनमा परीक्षा लिन मेरा शिक्षकहरू सहमत हुनुभएको थियो।

मेरा कक्षाका साथीहरूले मेरो बानीलाई पहिले त बुझेनन्। तर पछि तिनीहरूले मेरो समर्थनमा बोल्न थाले र शिक्षकहरूकै अगाडि मैले शनिबार छुट्टी पाउने अवसर हुनुपर्छ भनेर बोल्न थाले। धेरै शिक्षकहरूले मलाई मन पराएका थिएनन्। मेरो पढाइभन्दा चर्च म किन जान थालें सो तिनीहरूले बुझेका थिएनन्। अनि मलाई क्लासबाट निकालिदेलान् भनेर म डराउन थालें। मेरो पढाइ मेरो बुबाको निम्ति अत्यन्त महत्त्वपूर्ण थियो भनेर मलाई थाहा थियो र मैले उहाँलाई निराश पार्न चाहेको थिइनँ।

### अन्तिम चेतावनी

एक दिन मैले कहिल्यै सामना गर्नु नपरोस् भन्ने समस्या नै आयो। क्याम्पस प्रमुखले मलाई आफ्नो अफिसमा बोलाएर भन्नुभयो यदि मैले शनिबार अब एउटा मात्र क्लास छुटाएँ भने पनि उहाँले त्यस विश्वविद्यालयबाट निकालिदिनुहुनेछ।

मैले चर्चमा यस मामिलासम्बन्धी जानकारी दिएँ। त्यसको लागि सबैले प्रार्थना गऱ्यौं। दुई जना पास्टरहरू मेरो क्याम्पसको प्रमुखलाई मैले शनिवार किन क्लासमा नगएको भनेर सम्झाउनु भयो। परमेश्वरले हस्तक्षेप गर्नुभयो। यदि मैले विश्वविद्यालयमा भएको अतिरिक्त क्रियाकलापमा भाग लिएँ भनें मैले शनिबार क्लासमा नजान अनुमति पाउँछु भन्नु भयो। स्वास्थ्य सम्बन्धी धेरै प्रदर्शनहरू संचालन गर्न सहयोग गर्न उहाँले मलाई भन्नुभयो।

केही समय त यो राम्रै भएको थियो तर जब उक्त क्याम्पस प्रमुखले क्याम्पस छोडे तब मेरो समस्या फेरि उठ्न थाल्यो।

जब एक जना शिक्षकले शनिबारको सट्टा अरू दिनमा अन्तिम परीक्षा दिन अस्वीकार गरे तब मलाई ठूलो समस्या आयो। उनको कुनै पनि क्लासहरू शनिबारमा म गएको थिइँन। मेरा साथीहरूले म शनिबार नगएको दिनको नोटहरू दिन्थे। जब मैले शिक्षिकालाई म शनिबार क्लासमा किन आइँन भनेर भने तब उनले ठाडो जवाफ दिइन्, "यदि तिमी शनिबार क्लासमा नआउनेभए क्लासमा कहिल्यै नआउनु।"

मैले भन्ठानें अब मेरो पढाइ सबै विग्रिने भयो। नयाँ क्याम्पस प्रमुखले मेरो समर्थनमा बोलेनन् र शिक्षिका पनि आफ्नो अडानमा रहिरहिन्। अन्तिम जाँज शनिबार गर्न पनि उनले मिति मिलाइन्। उक्त कार्यलाई हस्तक्षेप गर्न विन्ति गर्दै म परमेश्वरसँग प्रार्थनामा रोएँ।

## परिवर्तित हृदय

त्यसको केही दिनपछि उक्त शिक्षिकाले मलाई भेटेर उनको अफिसमा आउनु र मेरा होमवर्कहरू देखाउनु भनिन्। यही शिक्षिका हुन् जसले सेमिस्टर भरि सहयोग गर्न अस्वीकार गरेकी थिइन् अब अचानक मेरो होमवर्कहरू हेर्न राजिभइन्। परमेश्वरले उनको हृदयलाई परिवर्तन गर्नुभएको थियो र म क्लासमा पास भएँ।

साबथमा भोग्नुपरेको चुनौतिले परमेश्वरको आज्ञा मान्ने र उहाँलाई समर्पित जीवन दिने कुराहरू सिकें। उहाँले मलाई आत्मविश्वास र भविष्यको निम्ति आशा दिनुहुनेभएकोले म उहाँप्रति आभारी छु।

म ग्राजुएट भएपछि काममा लागें। दुई कारणले मलाई केही चिन्ता लाग्दैन। ती हुन्, परमेश्वरले आफ्नो धार्मिकताको हातले मलाई थाम्नुहुनेछ भन्ने प्रतिज्ञा उहाँले पूरा गर्नुभएको थियो। र म ग्राजुएट हुनुभन्दा अघिको अन्तिम परिक्षा शनिबारमा परेको थिएन।

यी त्रैमासिकमा उठेको भेटीले रोस्टोभ-अन-डनमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट सामुदायिक भवन निर्माण गर्न सहयोग मिल्नेछ जसले गर्दा म जस्तो विद्यार्थीहरूले येशूको बारेमा सुनाउन भेला हुन सहयोग हुन्छ।रोस्टो-ओ-डनकोबारेमा केही जानकारीः यो सहर पौराणिक ग्रिक साम्राज्यको भूभागमा रहेको टानेयस भन्ने स्थानमा बनिएको छ। त्यस सहरमा धेरै धर्मका मानिसहरू छन्। आन्टन चेकोभ, मिखाइल शोलोकेब, अलेकजेन्दर पुश्किन, माक्सिमा गोर्गी र नोबेल पुरस्कार बिजेता अलेक जान्दर सोलजनिश्किन जस्तो विश्वविख्यात लेखकहरू त्यही सहरमा जन्मेका थिए।